कार्यपालिकाको बैठक सख्याः- २९औं ~~मतेको~~ (पहिलो दिन)

बैठक मितिः- २०८१।०९।२१

समयः- दिउँसो ११.०० बजे ।

स्थानः- भोटखोला गाउँपालिकाको कार्यालय, हटिया, सङ्खुवासभा ।

आज मिति २०८१।०९।२१ गते गाउँकार्यपालिकाका अध्यक्ष श्री वाङछेदर लामाज्यूको अध्यक्षतामा देहायका गाउँकार्यापालिकाका सदस्यहरुको उपस्थितिमा बैठक बसी निम्नानुसारका प्रस्तावहरु माथि छलफल गरी देहाय अनुसारका निर्णय पारित गरियो ।

<u>उपस्थिति :</u>

| सि.नं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री वाङछेदर लामा | |
| २ | उपाध्यक्ष | श्री साहाना लामा | |
| ३ | वडाध्यक्ष-१ | श्री नुर्पु च्यावा | |
| ४ | प्रमुख प्र.अ. | श्री फुर्पु भोंटे | |
| | वडाध्यक्ष-२ | श्री जिप्पा तेन्जिङ भोटे | |
| | वडाध्यक्ष-३ | श्री पासाङ भोटे | |
| | वडाध्यक्ष -४ | श्री विकास तामाङ | |
| | वडाध्यक्ष -५ | श्री बाल कुमार राई | |
| | का.पा.सदस्य | श्री दावा भुटिक भोटे | — |
| ० | का.पा.सदस्य | श्री चिप्पा भोटे | — |
| १ | का.पा.सदस्य | श्री सलिना राई | सलिना राई |
| २ | का.पा.सदस्य | श्री सरिता वि.क. | सरिता विश्वकर्मा |
| ३ | का.पा.सदस्य | श्री जयबाउ भोटे | |
| ४ | का.पा.सदस्य | श्री चेक्टुक भोटे | |

न्य कर्मचारीहरु

| | | | |
|---|---|---|---|
| १ | प्रशासन शाखा प्र. | श्री दावा भोटे | |
| २ | लेखापाल | श्री भोलामान राई | |
| ३ | कम्प्यूटर अपरेटर | श्री रुद्र राई | |
| ४ | का.स. | श्री लाजुङ लामा | |
| ५ | स्वकीय सचिव | श्री फुर्पु दोर्ची भेच्यावा | |
| ६ | सू.प्र.अ | श्री. [illegible] कुमार [illegible] | |

क. प्रस्तावहरु:

१. २८ औं कार्यपालिकाको बैठक समिक्षा सम्वन्धमा ।

२. स्काउट ट्रुप दिक्षान्त कार्यक्रम भुक्तानी सम्वन्धमा ।

३. टेन्डर (बोलपत्र प्रकाशन) सम्वन्धमा ।

४.सूचना प्रकाशन सम्वन्धमा ।

५.नुन वितरण सम्वन्धमा ।

६.सिफारिस दस्तुर सम्वन्धमा ।

७.आर्थिक सहयोग सम्वन्धमा ।

८.ईलेक्ट्रोनिक हाजिरी सम्वन्धमा ।

९.निर्णय कार्यान्वयन सम्वन्धमा ।

१०.शुल्क छुट सिफारिस सम्वन्धमा ।

११.वरुण मेला व्यवस्थापन तथा संचालन सम्वन्धमा ।

१२.शिर्षक परिवर्तन सम्वन्धमा ।

१३.म्यादथप सम्वन्धमा ।

१४.सशर्त वजेट बाँडफाट सम्वन्धमा ।

१५.सवारी साधन खरिद सम्वन्धमा ।

१६.स्थानिय पाठयक्रम प्रतिवेदन कार्यान्वयन सम्वन्धमा ।

१७.करार कर्मचारी म्यादथप सम्वन्धमा ।

१८.नर्सिङ कर्मचारी व्यवस्थापन सम्वन्धमा ।

१९.रोजगार संवाद मञ्च (सञ्चालन तथा व्यवस्थापन) कार्यविधी २०८१ सम्वन्धमा ।

भोटखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हटिया, संखुवासभा
कोशी प्रदेश नेपाल
२०७३

२०. कृषि शाखामा कार्यरत कर्मचारीको नियुक्ति सम्बन्धमा ।

२१. ऐन कानून शसोधन मस्यौदा समिति गठन सम्बन्धमा ।

२२. स्वर्गिक मार्ग सघ नेपाललाई भुक्तानी सम्बन्धमा ।

२३. सोधभर्ना भुक्तानीको लागिं रकम माग सम्बन्धमा ।

२४. कर्मचारीहरुको आन्तरिक सरुवा सम्बन्धमा ।

२५. सेवा सुविधा छुट सम्बन्धमा ।

२६. लिजा र एफ.आर. ए. सम्वन्धमा ।

२७. डि.पि.आर. सम्बन्धमा । ।

२८. योजना संशोधन सम्बन्धमा ।

२९. नपुग थंप रकम सम्बन्धमा ।

३०. च्याम्ताङ कृषि सडक सोधभर्ना रकम कार्यन्वयन सम्वन्धमा ।

सरिता विश्वकर्मा

भोटखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हटिया, संखुवासभा
कोशी प्रदेश नेपाल
२००३

१. प्रस्ताव न. १ माथि छलफल गर्दा २८ औ कार्यपालिकाको बैठकको समिक्षा गरियो ।

२. प्रस्ताव नं २ माथी छलफल गर्दा श्री कृष्ण मा. वि. र जालपा आ. वि.मा संचालित स्काउट ट्रुप दिक्षान्त कार्यक्रमको खर्च विल भर्पाई अनुसार बढीमा रु. ७५०००।– विविध खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय पारित गरियो ।

३. प्रस्ताव न. ३ मा माथि छलफल गर्दा सघीय सरकारबाट कार्यक्रम सकेत न. ३४.२१.१.३३२ खर्च शिर्षक न. ३११५९ पूरानो स्वास्थ्य भवन निर्माण र प्रदेश सरकारबाट प्राप्त कार्यक्रम सकेत न. १३४.२१.१.३३९ खर्च न. ३११५९ वरुणधाम भौतीक पूर्वाधार निर्माण योजना सञ्चालनको लागि ईविट (ईलेक्ट्रोनिक टेण्डर) वोलपत्र आजको मितिले १५ दिनभित्र सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं ४ माथी छलफल गर्दा तपशिलका कार्यक्रमहरु संचालनको लागी विज्ञ परामर्शदाताको लागि मिति २०८१/०९/२३ गते सूचना प्रकाशन गर्ने निर्णय पारित गरियो ।

१. ऐन, कानून विज्ञ परामर्श सेवा

२. न्यायिक समिति तथा मेलमिलापकर्ता क्षमता अभिवृद्धि कार्यक्रम ।

३. वन वातावरणीय प्रभाव मूल्याङ्कन ।

५. प्रस्ताव न. ५ माथि छलफल गर्दा आ.व. २०८१/०८२ को लागि यस गाउँपालिकामा नेपाल साल्ट्रेडिङ लिमिटेडबाट प्राप्त ६५० क्वीन्टल नुन तपसिल अनुसार बाँडफाँड गर्ने निर्णय गरियो ।

तपसिलः-

१. वडा न. १ लाई ५० क्वीन्टल ।
२. वडा न. २ लाई १०० क्वीन्टल ।
३. वडा न. ३ लाई १०० क्वीन्टल ।
४. वडा न. ४ लाई १७० क्वीन्टल ।
५. वडा न. ५ लाई १५० क्वीन्टल ।
६. गाउँपालिकाको कार्यालयलाई ८० क्वीन्टल ।

६. प्रस्ताव न. ६ माथि छलफल गर्दा किमाथाका नाका व्यापारिक प्रयोजनको लागि वडाबाट गरिने सिफारिसमा प्रति व्यक्ति रु. १००।– आफ्नो गाउँपालिकाभित्रका बासिन्दाहरुलाई र अन्य गाउँपालिका लागि प्रति व्यक्ति रु. २००।– का दरले सिफारिस दस्तुर लिने तथा व्यापारिक प्रयोजनको लागि

भोटखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हटिया, संखुवासभा
कोशी प्रदेश नेपाल
२०७३

दैनिक खाद्यान्न बाहेकका लागि प्रति भारी वा प्रति खच्चर सरसफाई शुल्क वापत रु. १००।— का दरले कायम गर्ने र सो कामको जिम्मा १ नं. वडा कार्यालयलाई दिने निर्णय गरियो ।

७. प्रस्ताव न. ७ माथि छलफल गर्दा भोटखोला गा.पा. वडा न.२ स्थित गुठी बहादुर भोटेको मिति २०८१।०८। ०८ गते घर आगोलागी भई पूर्ण रुपमा क्षतिग्रस्त भएको हुँदा रु. ५०,०००।— (अक्षेरेपी पचास हजार रुपैया) विपद् व्यवस्थापन कोषबाट आर्थिक सहयोग गरी दिने निर्णय गरियो ।साथै नेपाल तामाङ घेदुङ भोटखोला कार्य समितिलाई सोनाम लोसार मनाउन सांस्कृतिक तथा खेलकुद कार्यक्रमको लागि विविध खर्च शिर्षकबाट रु. २,००,०००।— (अक्षेरेपी दुई लाख रुपैया) दिने निर्णय गरियो ।

८. प्रस्ताव न. ८ माथि छलफल गर्दा भोटखोला गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुमा मिति २०८१।१०।०१ गतेदेखि लागू हुने गरी ईलेक्ट्रोनिक हाजिरी जडान गरी प्रयोगमा ल्याउने निर्णय गरियो ।

९.प्रस्ताव ९ माथि छलफल गर्दा मीत्र राष्ट्र चीनको धिङरी काउटी र तिङगीसेन काउटीको प्रशासकहरु र भोटखोला गाउँपालिका तथा अन्य सरोकारवला व्यक्तिहरु बीच यही २०८१ साल मसिर २९ गते सम्पन्न मैत्रीपूर्ण अनौपचारिक बैठकमा उठेका विषयवस्तुहरु (प्रस्तावहरु) कार्यन्वयनको लागि सघीय सरकारको सम्बन्धित निकायहरुमा पेश गर्ने निर्णय गरियो ।

१०. प्रस्ताव न. १० माथि छलफल गर्दा अपर अरुण हाइड्रो ईलेक्ट्रिक लि. महारजगज, काठमण्डौ, नेपालको च.न. ३५९ र मिति २०८१।०८।२१ को प्राप्त पत्रानुसार अधिग्रहण गरिएका तपसिलका जग्गाहरुको मालपोत रजिष्ट्रेशन शुल्कमा लाग्ने दस्तुरमा ५०% छुट गरी दिन मालपोत कार्यालय खाँदबारी सङखुवासभालाई अनुरोध गरी पठाउने निर्णय गरियो ।

तपसिलः-

साविक चेपुवा — १ का कित्ताहरुः ३०६,१५६७,१८५०,१८५३

साविक हटिया — ६ का कित्ताहरुः ११६६, ११६९, १९०६, १९०८, ११७०, ११५९, ११५४, ११२४, १९२८, १८९१, १८९६, १८९८, १९०२, १८७७, १८७९, १०१४, १८८७, १८८३, १८८५, १९१४, १९२२, १८९४, १९००, १९०४, १८८१, १९१६, १९१८, १८८९,

साविक हटिया — ७ का कित्ताहरुः ५९१, ५९४ ।

साविक हटिया – ८ का कित्ताहरु: ६०२, ३६२, (२७५, २८० समेत) ।

साविक हटिया – ९ का कित्ताहरु: ५४८, ६१३, ७०४ ।

११. प्रस्ताव ११ माथि छलफल गर्दा यस पालिकाको वडा न. ४ स्थित २०८१ साल पौष मसान्तदेखि माघ १ गतेसम्म लाग्ने बरुणधाम मेलालाई व्यवस्थित र सास्कतिक रुपमा सञ्चालन गर्न खानेपानी,व्यवस्थापन कार्यक्रममा रु. ५०,०००।– र सास्कृतिक कार्यक्रम सञ्चालनमा रु.३,००,०००।– ( अक्षरेपी तीन लाख रुपैयमा) विविध शिर्षकवाट खर्च गर्ने गरी निर्णय गरियो ।

१२. प्रस्ताव न. १२ माथि छलफल गर्दा तपसिलका कार्यक्रमहरु शिर्षक परिवर्तन गरी कार्यन्यवन गर्ने निर्णय गरियो ।

१. कार्यक्रम सकेत न. १३४.२१.१.६९ खर्च शिर्षक न. ३११५९ जालपा आ.वि. जाने वाटो निर्माण तथा फर्निचर तथा फर्निचर व्यवस्थापन रु. २,००,०००।– लाई लालीगुराँस आ.वि.भवन प्लाष्टर योजनामा परिवर्त गर्ने ।

२. कार्यक्रम शिर्षक न. १३४.२१.१.२१६ खर्च शिर्षक न. २२५२९ नर्सिङ कर्मचारी एस.वि.ए.तालिम रु. १,५०,०००।– लाई स्वास्थ्य कर्मीहरुको लागि बृहत्त पोषण प्याकेज तालिम सञ्चालन शिर्षकमा परिवर्तन गर्ने

३. कार्यक्रम शिर्षक न. १३४.२१.१.१४९ खर्च शिर्षक न. ३११५९ टुडीफुर्पादिङ भवन निर्माण तथा फर्निचर खरिद रु. ३००,०००।– लाई टुडीफुर्पुदिङ मध्यवर्ती क्षेत्र सामुदायिक उपभोक्ता समिति कार्यालय व्यवस्थापन शिर्षकमा परिवर्तन गर्ने वडा न. ३ ।

१३. प्रस्ताव न. १३ माथि छलफल गर्दा यस पालिकाको वडा न. ३ हटियमा निर्माणाधिन ५ सैयाको आधारभूत अस्पतालको निर्माण कार्य विविध कारणबस सम्पन्न नभएकोले निर्माण कम्पनी जोशी कुवर एस.ए.एस.जेभीसँगको सम्झौता २०८१ असोज १४ गते समाप्त भईसकेको तर हालसम्म निर्माण कार्य सम्झौता अनुसार पूर्ण रुपमा सम्पन्न नभई निर्माणाधिन अवस्थामा रहेकोले २०८२ आषाढ मसान्तसम्मको म्याद थप गर्ने निर्णय गरियो ।